नेपाल सरकार
महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय
**केन्द्रीय बालकल्याण समिति**




# बालअधिकार संरक्षण तथा सम्वर्द्धनका लागि जिल्ला बालकल्याण समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारीसँग सम्बन्धित केही प्रमुख भूमिकाहरु संक्षेपमा

## बालबालिकासम्बन्धी ऐन, २०४८ तथा नियमावली, २०५१

**(१) एकाघरका कोही नहुने बालकको हेरचाह र निजको सम्पत्तिको जिम्मा** :एकाघरका कोही नातेदार नभएको बालककोपालनपोषणको आवश्यक व्यवस्था बालकल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीलेमिलाउनुपर्छ, सकभर निजको नजिककोनातेदार, सो नभएमा कुनै इच्छुक व्यक्ति वा संस्थाको जिम्मा दिन सकिनेछ र सो पनि नभएमा नजिकको बालगृहमा बुझाईदिनुपर्छ । त्यस्ता बालकको कुनै सम्पत्ति भएमा बालकल्याण अधिकारी वा प्रमुख जिल्ला अधिकारीले फाँटवारी तयार गरी एक प्रति आफ्नो कार्यालयमा राखेर अर्को प्रति बालकको पालनपोषणको जिम्मा लिने व्यक्ति वा संस्थालाई बुझाउनुपर्छ ।(दफा २१)

.

**(२) पर्याप्त आयस्ता नहुने बालकको पालनपोषण:** पर्याप्त आयस्ता वा सम्पत्ति नभएको वा भएर पनि त्यस्तो सम्पत्तिलाई अरु कसैले गैरकानुनी तरिकाबाट दबाईछिपाई उपभोग गरेबाट कुनै बालकको पालनपोषण उचित ढंगबाट हुन नसक्ने भएमा संरक्षकले सरकारी सहायताको निमित्त प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन सक्नेछ र सो व्यहोरा मुनासिव देखिए प्रमुख जिल्ला अधिकारीले आवश्यक सरकारी सहायता उपलब्ध गराईदिनुपर्छ । त्यस्तो सहायता उपलब्ध हुन नसक्ने अवस्थामा बालकलाई नजिकको बालकल्याण गृहमा राख्ने व्यवस्था मिलाई दिनुपर्छ ।(दफा ३०)

**(३) जिल्ला बालकल्याण समितिको गठन:**(१) प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा प्रत्येक जिल्लामा एक जिल्ला बालकल्याण समिति गठन गरिनेछ । जिल्ला बाल कल्याण समितिमा अन्य व्यक्तिको अतिरिक्त खास गरीकन सामाजिक सेवामा कार्यरत व्यक्तिहरु, बालकको हकहित समबन्धी कार्यमा संलग्न सामाजिक कार्यकर्ता, महिला सामाजिक कार्यकर्ता, चिकित्सकहरु, बालमनोविज्ञहरु, शिक्षकहरु मध्येबाट प्रमुख जिल्ला अधिकारीले तोकेका व्यक्तिहरुरहनेछन् ।(२) जिल्ला बालकल्याण समितिको अध्यक्ष जिल्ला बालकल्याण समितिका सदस्यहरुले आफू मध्येबाट तोकेको व्यक्ति हुनेछ र यसरी अध्यक्ष नतोकिएसम्म प्रमुख जिल्ला अधिकारी नै सो समितिको अध्यक्ष भई काम गर्नेछ ।(३) प्रत्येक जिल्ला बालकल्याण समितिले जिल्लास्तरमा सञ्चालित बालकल्याणकारी क्रियाकलापको सम्बन्धमा वैशाख मसान्तसम्ममा केन्द्रीय बालकल्याण समितिसमक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने छ। (दफा ३२)

**(४) बालकल्याण गृह, बालसुधार गृह, अनाथालय आदिको निरीक्षण:**(१) जिल्ला बालकल्याण समितिले आफ्नो क्षेत्रभित्रको बालकल्याण गृह, बालसुधारगृह, अनाथालय वा केन्द्रहरुको जहिलेसुकै पनि निरीक्षण गर्न वा गराउन सक्नेछ र कुनै अनियमितता भएको देखिएमा त्यसलाई हटाउन वा त्यहाँ उपलब्ध गराईने सेवामा सुधार गर्नको निमित्तआवश्यक निर्देशन दिन सक्नेछ। (दफा ४४)

**(५). जिल्ला बालकल्याण समितिको काम, कर्तव्य र अधिकार :**

(क) बालकहरुको हकहितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी जिल्ला स्तरीय दीर्घकालीन नीति र योजना तर्जुमा गरी केन्द्रीय बालकल्याण समितिमा पठाउने ।
(ख) स्वीकृत नीति र योजना अनुरुप वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरी, बनाई कार्य संचालन गर्ने, गराउने ।
(ग) वार्षिक कार्यक्रम सञ्चालन गर्नको निमित्त आवश्यक स्थानीय स्रोतको खोजी गर्ने र प्राप्त स्रोतको परिचालन गर्ने ।
(घ) जिल्लामा कारागारमा रहेका, बेवारिसे अवस्थामा रहेका वा श्रमिकको रुपमा कार्यरत बालक तथा अपाङ्ग र सुस्तमनस्थिति भएका बालकको तथ्याङ्क संकलन गरी त्यसको अद्यावधिक अभिलेख राख्ने र त्यसको एक प्रति केन्द्रीय बालकल्याण समितिमा पठाउने ।
(ङ) जिल्लामा रहेका बालमजदुर र बालविवाह तथा देवीदेवताको नाउँमा चढाइएका बालक भए सो सम्बन्धी तथ्याङ्क संकलन गरी त्यसको अद्यावधिक अभिलेख राख्न र त्यसको एक प्रति केन्द्रीय बालकल्याण समितिमा पठाउने ।
(च) खण्ड (ङ) मा उल्लिखित कुप्रथा हटाउन जिल्लास्तरमा सामाजिक कार्यकर्ता तथा प्रतिष्ठित व्यक्तिहरुको सम्मेलन गराई सुझाव संकलन गरी त्यस्तो कुप्रथा हटाउन जिल्लास्तरमा सामाजिक कार्यकर्ता तथा गैरसरकारी सघसंस्थाहरुलाई प्रोत्साहन तथा सहयोग गर्ने ।

(छ) जिल्लाभित्र सञ्चालित बालकल्याण गृह, बालसुधार गृह, अनाथालय तथा सुस्तमनस्थिति केन्द्र वा त्यस्तै अन्य गृह वा केन्द्र भए त्यसको क्षमता सुविधा आदिको तथ्याङ्क संकलन गरी अद्यावधिक अभिलेख राख्ने र त्यसको एक प्रति केन्द्रीय बालकल्याण समितिमा पठाउने ।
(ज) जनसहभागिताबाट वा सरकारी एवं गैरसरकारी संस्थाहरुको सहभागिता जुटाई जिल्लाको विभिन्न भागमा बालकको हकहितको संरक्षण तथा शारीरिक र मानसिक विकास सम्बन्धी बालकल्याणकारी कार्य सञ्चालन गर्ने र त्यस्तो कार्य गर्न सामाजिक कार्यकर्ता तथा सरकारी एवं गैरसरकारी संघसंस्थाहरुलाई सहयोग गर्ने ।
(झ) जिल्लाभित्र सञ्चालित बालकल्याण गृह, बालसुधार गृह, अनाथलय तथा सुस्तमनस्थिति केन्द्रको निरीक्षण गर्ने, गराउने र व्यवस्थापन समिति, बालकल्याण गृह प्रमुख तथा प्रशासकलाई आवश्यक निर्देशन एवं सुझाव दिने । (बालबालिका सम्बन्धी नियमावली, २०५१, नियम नं ९)

## मुलुकी ऐन, गरीब कङ्गालको महल

४ नं. ॥ ॥ आपस्त वा संरक्षकले हेरविचार नगरेका वा त्यस्ता कोही नभएका नाबालकको जायजात रहेनछ वा भएपनि त्यसको आयस्ताबाट निजको पालनपोषण हुन नसक्ने रहेछ भने सो ठाउँको गाउँ विकास समिति वा नगरपालिकाले त्यस्तो नाबालकलाई नाबालक पाल्ने ठाउँको छुट्टै व्यवस्था भएकोमा सोही ठाउँमा र सो नभए त्यस इलाकाको प्रमुख जिल्ला अधिकारी समक्ष पठाई दिनु पर्छ । प्रमुख जिल्ला अधिकारी कहाँ सो बमोजिम आएका नाबालकलाई उसको आयस्ताले नपुगे जति राजगुठीको आम्दानीबाट खर्च गरी सोह्र वर्षको उमेर नपुगेसम्म स्याहार संभार गरी गर्न लगाई त्यसको दरवन्दी नभएकोमा दरवन्दी समेत गराई पाली राख्नुपर्छ ।

## नेपाल नागरिकता ऐन, २०६३

नेपाल सरहदभित्र फेला परेको पितृत्व मातृत्वको ठेगान नभएको प्रत्येक नाबालक निजको बाबु वा आमाको पत्ता नलागेसम्म वंशजको नाताले नेपालको नागरिक मानिनेछ । (दफा ३)

## स्थानीय प्रशासन ऐन, २०२८

दफा ९(८) कसैलाई कसैसँगको नाताको प्रमाणपत्र चाहियो भनी प्रमुख जिल्ला अधिकारी समक्ष निवेदन दिन आएमा प्रमुख जिल्ला अधिकारीले जाँची बुझी ठीक ठहरेमा आवश्यक प्रमाणपत्र दिन सक्नेछ ।

## कारागार ऐन, २०१९

दफा (८) कारागारमा नाबालकको हेरेचाहः(१) थुनिए वा कैद परेकी स्वास्नी मानिसको कारागार भित्र छोराछोरी जन्मेछ वा दुई वर्ष नपुगेको नाबालक छोराछोरी रहेछ भने बाहिर हेरविचार गर्ने वारिसवाला भएपनि निजलाई आमाले आफैसित राखी हेरविचार गर्न चाहेमा कारागार भित्रै राख्न हुन्छ । त्यस्ता नाबालक दुई वर्ष पुगेपछि, आवश्यक भएमा बाहेक, निजलाई वारिसवालाको जिम्मा लगाई दिनुपर्छ ।
(२) कुनै थुनुवा वा कैदीको निजले लालनपालन गर्नुपर्ने नाबालक रहेछ र त्यस्तो नाबालकको लालनपालन गर्ने अरू कोही रहेनछ भने निज थुना वा कैदमा रहुन्जेल त्यस्तो नाबालकको सम्पूर्ण हेरविचार, शिक्षादीक्षा र लालनपालन तोकिए बमोजिम नेपाल सरकारको खर्चमा गरिनेछ ।
दफा (९) थुनुवा र कैदीहरूको सिधा खर्च र लुगा सम्बन्धी व्यवस्थाःकारागारमा थुनिएका वा कैद परेका थुनुवा वा कैदीहरू र त्यस्ता थुनुवा र कैदीहरूको दफा (८) को उपदफा (१) र (२) मा उल्लेख भएका नाबालक छोराछोरीलाई तोकिए बमोजिम सिधा खर्च र लुगा दिइनेछ ।
दफा १२. थुनुवा वा कैदी थुनुवा स्वास्नी मानिस गर्भवती भएमाः(१) कुनै थुनुवा वा कैदी स्वास्नी मानिस गर्भवती रहिछभने राजकाज सम्बन्धी मुद्दाको वा दामल वा जन्म कैदको सजाय पाएकी वा त्यस्तो सजाय हुने अपराधको अभियोग लागेकी थुनुवा वा ज्यानमारा बाहेक अरूको हकमा ६ महिनाको गर्भ पुगेपछि जमानी लिई छाडी दिनुपर्छ र त्यसरी जमानीमा छुटेकीलाई निजको बालक जन्मेको दुई महिना भएपछि थुन्न नपर्ने भएकोमा वा कैद म्याद भुक्तान भैसकेकोमा बाहेक फेरि कारागार भित्र राखिनेछ ।

## सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८

दफा ११. बिक्री वितरण तथा प्रदर्शनमा बन्देजः (३) कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बालकल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालय र नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सूर्तिजन्य पदार्थ बिक्री वितरण गर्न गराउन पाउने छैन ।
दफा २६. सहयोग गर्नु पर्ने : यस ऐन बमोजिमको कुनै काम कारबाही सम्पादन गर्ने सिलसिलामा व्यवस्थापक वा निरीक्षकले स्थानीय प्रशासनको सहयोग माग गर्न सक्नेछ । त्यसरी सहयोग माग भएमा आवश्यक सहयोग गर्नु स्थानीय प्रशासनको कर्तव्य हुनेछ ।